आज मिति २०८२ कार्तिक २६ गते बुधवारका दिन विहान ९.०० बजे यस परिवर्तन गाउँपालिकामा दोस्रो कार्यकालको लागि निर्वाचित भई आए पश्चात गाउँकार्यपालिकाको ५२ औ बैठक गाउँपालिकाको अध्यक्ष श्री सुक बहादुर बुढामगर ज्यूको अध्यक्षतामा कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा बसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | पदाअधिकारीहरुको नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री सुक बहादुर बुढामगर | गा.पा.अध्यक्ष | अध्यक्ष | |
| २ | श्री कलादेवी खत्रिनी | गा.पा.उपाध्यक्ष | सदस्य | |
| ३ | श्री मैते बुढामगर | १नं.वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री हरिप्रसाद बुढामगर | २नं.वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री खिम विक्रम चन्द | ३नं.वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री मानसिं बुढा | ४नं.वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री दिल बहादुर वली | ५नं.वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री भरत कुमार बुढा | ६नं.वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री उन्सिपा वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री जुनो कुमारी बुढामगर | कार्यपालिका सदस्य | सदस्य | |
| ११ | श्री फर्मिला महर | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री मोहविर वि.क | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री धर्म कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री निम बहादुर के.सी. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

आमन्त्रित

- श्री ललित कुमार बुढामगर-सहायक प्रशासकीय अधिकृत
- श्री हरिप चन्द्र डाँगी -सहायक लेखा अधिकृत
- श्री हकलाल वली-का.स.

**मिति २०८२/०७/२६ गते बसेको ५२ औ कार्यपालिका बैठकका निर्णयहरु :**

**प्रस्तावहरुः**

१.खेलकुद विकास समिति पु:न गठन सम्वन्धमा

२.सुरक्षित आप्रवासन कार्यक्रम (सामी) र बहुउद्देश्यीय पोषण कार्यक्रमको वार्षिक वजेट स्वीकृत सम्वन्धमा ।

३.थप वजेटको योजनामा विनियोजन सम्वन्धमा ।

४.पोषणमैत्री स्थानीय शासन् कार्यन्वयन गर्ने सम्वन्धमा,

५.वालमैत्री स्थानियमा कार्यान्वियन गर्ने तथा सम्पर्क शाखा र व्यक्ति तोक्ने सम्वन्धमा

६.जिल्ला स्तरिय खेलकूदको रकम भुक्तानी सम्वन्धमा,

७.नागरिक आरोग्य केन्द्र स्थापना सम्वन्धमा,

८.क्लिनिक संचालन सम्वन्धि कार्यविधि सम्वन्धमा,

९.गर्भवती उत्प्रेरणा सम्वन्धमा,

१०सामुदायिक स्वास्थ्य इकाइ त्रिवेणी खोलाको औषधि ढुवानी भाडा निर्धारण सम्वन्धमा,

११.विविध सम्वन्धमा ।

**निर्णय नं.-१**

परिवर्तन गाँउपालिका खेलकुद सञ्चालन सम्बन्धी कार्यविधी, २०७५ तथा प्रथम संसोधन मिति २०७९।०९।२०को खेलकुद संचालन सम्वन्धि कार्यविधि २०७९ को परिच्छेद ३ को दफा ४ वमोजिम गठित समितिको पदावधि समाप्त भएकोले सोही वमोजिम तपसिल वमोजिमको समिति रहने गरि परिवर्तन गाउँपालिकाको खेलकूद विकास समितिको पु:र्नगठन गर्ने निर्णय गरियो ।

१.श्री गगन बुढामगर -वडानं.६ -अध्यक्ष

२श्री झकेन्द्र रोका-वडानं.१ -सदस्य

३.श्री लोकचन्द्र डाँगी-वडानं.२-सदस्य

४.श्री सुस्मिता रानामगर-वडानं.२-सदस्य

५.श्री दिपा थापा -वडानं.३-सदस्य

६.श्री तुल्सी महर-वडानं.४-सदस्य

७.श्री मन प्रसाद रोका-वडानं.५-सदस्य

८.श्री विराज वली-वडानं.५-सदस्य

९.ललित कुमार बुढा-प्रशासन शाखा-सदस्य सचिव

निर्णय न.-२

यस परिवर्तन गाउँपालिकामा आ.व.२०८२/०८३ मा संचालन हुने सामी कार्यक्रमको वजेट तथा कार्यक्रम स्वीकृत गरी सामी कार्यक्रमवाट संचालन हुने वित्तिय साक्षरता कक्षा संचालनको देहाय वमोजिम स्थान छनौट गर्ने निर्णय गरियो

| क्र.स. | मोडेल १ वित्तिय साक्षरता कक्षा संचालन (९० मिनेट) | वित्तिय साक्षरता कक्षा संचालन ( १दिने) | वित्तिय साक्षरता कक्षा संचालन ( ३दिने) | वित्तिय साक्षरता कक्षा संचालन (२१ हप्ते ) |
|---|---|---|---|---|
| १ | श्री वाल कल्याण मा.वि.उपावाङ | वडानं.१ को चैतेलेख | वडानं.५ पुतलाचौर | वडानं.२ को भुल्टुङ |
| २ | श्री ने.रा.मा.वि.कोलवोट नाफे | वडानं.२ को भलाका | वडानं.३ खालिचौर | वडानं.४ को खोलागाउँ |
| ३ | श्री दिव्य ज्योति मा.वि.माईस्थान | वडानं.३ को हाइवाङ | वडानं.४ को माइस्थान | |
| ४ | श्री जनता मा.वि.वागमारा | वडानं.४ को हलहले | | |
| ५ | श्री ने.रा.मा.वि.मौलावोट | वडानं.५ को जुमाराङसी | | |

निर्णय नं.-३

यस परिवर्तन गाउँपालिकावाट आ.व.२०८२/०८३ मा कार्यन्वयनको लागि विनियोजन भएको देहायको योजनाहरुलाई लागत स्टामेट अनुसार टेन्डरमा लगि विनियोजित रकम भन्दा वढी भएको रकम गाउँपालिकावाट आर्थिक दायित्व वहन गर्ने गरि योजना कार्यन्वयन गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

१.डाँडाँगाउ मालेमारे पुतलाचौर मौलावोट,जुमाराङसी पुर्वी रुकुम सडक -२,२८,०६,११५.१५।

२.वागमारा आग्र गाउँडेरा हुदै जिल्लाधुरी रुकुम पश्चिम जोड्ने सडक -२,०२,२२,०८३.६२

**निर्णय नं.-४**

वहुक्षेत्रिय पोषण संग सम्वन्धित कुपोषणको अन्त्य,मानव पुजि निर्माण र समग्र आर्थिक सामाजिक विकास गर्ने दिर्घकालिन सोच पुंरा गर्न मानव जीवनचक्रमा पोषणको अवस्था सुधारको लागि पोणण विशेष तथा पोषण संवेदनशिल सेवाको उपलव्धता र गुणस्तर सुधार तथा समतामुलक पहुंच र उपभोगको सुनिश्चितता गर्न आवश्यक रहेकोले पोषणमैत्रि स्थानीय शासन कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-५**

वालमैत्रि स्थानीय शासन स्थानीय तहमा वाल अधिकार सुनिश्चित गर्न तथा वाल अधिकारको चार पक्ष वाल वचाउ,वालसंरक्षण,वाल विकास र वाल सहभागितालाई मुख्य आधारको रुपमा अगाडी वढाउनको लागि वालमैत्री स्थानीय शासन कार्यन्वयन गर्ने निर्णय गरियो साथै यस परिवर्तन गाउँपालिकाको वालमैत्री स्थानीय शासन सम्वन्धि कामकाज पन्जिकरण शाखावाट हुने गरि शाखा प्रमुख अन्जु वलीलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो । परिवर्तन गाउँपालिकालाई २०८३ असार सम्म वालश्रम मुक्त पालिका घोषणा गर्ने तरिकाले अगाडी वढ्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं.-६**

रोल्पा जिल्ला क्रिकेट संघ रोल्पाको आयोजनामा दिपावली तथा छठ पर्वको अवसरमा जिल्ला स्थित शुभकामना क्रिकेट कप संचालन गरी उक्त खेलकूद प्रतियोगितामा यस परिवर्तन गाउँपालिकावाट सहभागी हुने खेलाडीको यातायात खर्च ,खाना तथा वास खर्च र पोशाक खर्चको रकम भुक्तानी गर्ने निर्णय गरियो । साथै आयोजक जिल्ला क्रिकेट संघ रोल्पालाई आर्थिक सहयोग रु ३०,०००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.-७**

परिवर्तन गाउँपालिकाले शशर्त अनुदान तर्फवाट नागरिक आरोग्य सेवा केन्द्र संचालनको लागि विज्ञापन समेत प्रकासित गरि सकेकोले सेवा केन्द्र संचालन गर्न आवश्यक सामाग्री व्यवस्थापन गरी चाडै नै नागरिक आरोग्य सेवा केन्द संचालनको उदघाटन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-८**

परिवर्तन गाउँपालिका भित्रको विभिन्न स्थानहरुमा क्लिनिक संचालन गरि रहेको अवस्थामा क्लिनिक संचालनमा थप व्यवस्थित गर्न क्लिनिक संचालन कार्यविधि अध्ययन गरि ५३ औं कार्यापालिका वैठकले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.-९**

गर्भवती उत्प्रेरणा कार्यक्रमको लागि स्थानीय स्तरमा उत्पादित पशुजन्यवाट उत्पादन भएको पोषणयुक्त तत्वहरुलाई गर्भवतीको लागि खरिद गरि वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१०**

सामुदायिक स्वास्थ्य इकाई त्रिवेणी खोलासम्म औषधिजन्य समान ढुवानी प्रयोजनका लागि परिवर्तन गाउँपालिका पुतचौर देखि रु ८००। अक्षरुपी आठ सय रुपैया तोक्ने निर्णय गरियो ।

**निर्णय नं.-११**

सामुदायिक स्वास्थ्य इकाई केन्द्र वडान २ राङसीको मक्तिम र सामुदायिक स्वास्थ्य इकाई केन्द्र वडान ४ पाछावाङको लछारताक्षेमा स्थापना गरि २०८२ मंसिर महिनामा उदघाटन गर्ने निर्णय गरियो

**निर्णय नं.-१२**

परिवर्तन गाउँपालिकाले नमुना गाउ संचालन कार्यविधि स्वीकृत गरि सकेकोले उक्त कार्यविधि अनुसार नमुना गाउ संचालन गर्न कार्यविधि वमोजिम कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१३**

परिवर्तन गाउँपालिका भित्र पुर्ण सरसफाई सम्वन्धि अभियानलाई थप व्यवस्थित गर्न सरसफाई सम्वन्धि पालिका स्तरिय समितिको वैठक वसि कार्यन्वयनमा जाने निर्णय गरियो ।

**निर्णय नं.-१३**

परिवर्तन गाउँपालिका भित्रका सेवा ग्राहीहरुलाई सूचना प्रवाहलाई थप सहज र सरलता गराउनको लागि भ्वाइसकल प्रणाली प्याक खरिद गर्ने निर्णय गरियो जस्ले परिवर्तन गाउंपालिकाको जुनसूकै सूचनाहरु सम्वन्धित व्यक्तिले जानकारी पाउन सकिनेछ ।

**निर्णय नं.-१४**

परिवर्तन गाउँपालिका वडानं.४ पाछावाङ स्वास्थ्यचौकीमा कार्यरत अ.न.मी.आशा घर्तिमगरलाई राङकोट स्वास्थ्यचौकीमा दरवन्दी कायम गरी पाछावाङ स्वास्थ्यचौकीमा कामकाज गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१५**

परिवर्तन गाउँपालिका वडानं. ४ र ५ जोडने रालेखोला त्याम जुमाराङसी पर्ने पक्की पुल निर्माणको लागि सेवा परामर्श शिर्षकवाट खर्च हुने गरी डि.पि.आर. गर्ने निर्णय गरियो ।

**निर्णय नं.-१६**

परिवर्तन गाउँपालिका भित्रको मा.वि.विद्यालयहरुलाई छनौट गरी समुन्नति डिजिटल फाइनान्स, संग समन्वय गरी तपसिल वमोजिमको विद्यालयहरुलाई प्रविधि हस्तान्तरण गर्ने निर्णय गरियो ।

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री ने.रा.मा.वि.कोल्वोट नाफे | परिवर्तन ६ नाफे |
| २ | श्री जनकल्याण माध्यमिक विद्यालय परिवर्तन ५ त्रिवेणीखोला राङकोट | परिवर्तन ५ त्रिवेणी खोला |
| ३ | श्री जनज्योति मा.वि.आरखोला | परिवर्तन ४ पाछावाङ |

**निर्णय नं.-१७**

संघीय सरकारवाट प्राप्त शशर्त अनुदान अन्तरगत स्थानीय तहको लागि साझेदारीमा १० प्रतिशत थप गरी ४ कोठे आर सी सी भवन आ.व.२०८२।०८३ मा देहायको योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

| क.स. | योजनाको नाम | वजेट |
|---|---|---|
| १ | श्री वाल कल्याण मा.वि.उपावाङ भवन निर्माण,परिवर्तन १ रोल्पा | ६०,००,०००। |
| २ | श्री ठाकुर खोरिया प्रा.वि.भवन निर्माण,परिवर्तन ५ रोल्पा | ६०,००,०००। |

CamScanner

**निर्णय नं.-१८**

परिवर्तन गाउँपालिका अन्तरगत प्रदेश सरकार शशर्त अनुदान तर्फको आधारभुत अस्पताल निर्माणको लागि रु ३०,००,०००। वजेट प्राप्त भएकोमा उक्त वजेटलाई आधारभुत अस्पतालको श्रृजित दायित्व भुक्तानी शिर्षकमा संसोधनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय -१९**

यस परिवर्तन गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुलाई गाउँपालिकाबाट विनियोजन गरेको रु १५ लाखबाट सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नको लागि कार्यविधि निर्माण गरी अर्को कार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय -२०**

यस परिवर्तन गाउपालिकाको वार्षिक वजेट तथा कार्यक्रमवाट स्वीकृत भएको सेवा परामर्श शिर्षकवाट **पिपलबोट चुन्वाङ खोला सडक पुल निर्माण वडानं.४ र ५** का लागि रु १०,००,०००। अक्षरुपी दश लाख रुपैया विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.-२१**

परिवर्तन गाउँपालिकाको डिजिटल सम्वन्धि रणनिति २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.-२२**

यस परिवर्तन गाउँपालिकामा आ.व.२०८२/०८३ मा वर्षादको समयमा विभिन्न स्थानमा पहिरो,हावाहुरी,चट्याङ र आगलागीवाट क्षति भएका तथा गाउँपालिका भित्रका समुदायहरुलाई क्यान्सर,मुटुको विरामी तथा अन्य विरामीहरुलाई आर्थिक कमजोरको कारण उपचारमा समस्या भएकाहरुलाई सहयोग स्वरुप आर्थिक सहायता उपलव्धको लागि यस गाउँपालिकामा राहत तथा आर्थिक सहयोग मागको लागि पेस हुन आएको निवेदनहरुलाई यस गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम रु १०,०००। भन्दा कम भएको राहतलाई तोकआदेश अनुसार र रु दश हजार भन्दा माथिको राहत रकम गाउंकार्यापालिकाको वैठकले देहायको व्यक्तिहरुलाई देहायवमोजिमको राहत तथा आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

| क.स. | नाम थर | ठेगाना | निवेदनको किसिम | सहयोग रकम |
|---|---|---|---|---|
| १ | मनमाली कामी | परिवर्तन ३ रोल्पा | मनमाली कामीको छोरा मन बहादुर वि.क. स्वासप्रश्वास सम्वन्धि विराम भई उपचार गराई रहेकोले उपचारमा सहयोगको लागि निवेदन अनुसार आर्थिक सहायता उपलव्ध गराइएको | १२,०००। |
| २ | लैनसरी सुनार | परिवर्तन ५ रोल्पा | लैनसरी सुनारको छोरा रविन्द्र सुनारको दुवै मृगौला फेल भई टिचिङ अस्पताल महाराजगन्जमा उपचार गराउदै गर्दा मृत्यु भएकोले काठमाण्डौ देखि परिवर्तन गाउँपालिकासम्म शव लिदा लागेको खर्च तथा घरको आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहायता माग गरेकोले उपलव्ध गराइएको । | २५,०००। |
| ३ | पल बहादुर डाँगी | परिवर्तन १ रोल्पा | पल बहादुर डाँगीले मिति २०८२।०६।०३ गतेका दिन विहान ९ वजे भैसीलाई गाउँदेखि घर लग्ने क्रममा वाटोमा चिप्लिएर मरेकोले क्षतिपुर्ति पाउ भनि निवेदन दिएकाले सो निवेदन अनुसार आर्थिक सहायता उपलव्ध गराइएको । | ३०,०००। |
| ४ | चित्रा कुमारी वली | परिवर्तन ४ रोल्पा | चित्रा कुमारी वलीको मिति २०८२।०५।२७ गते परेको अविरल वर्षादको कारण घर माथिवाट पहिरो आई घरक्षति भएकोले उक्त घर क्षति भएवापत राहत उपलव्ध गराइएको । | १०,०००। |

CamScanner